आ.व. ०७६।०७७

वैठकः- नगर कार्यपालिका वैठक

अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्याः १७/०७६/७७

मितिः-२०७६।१२।३०

स्थानः- ता.न.पा सभाहल

समयः- विहान ७.३० बजे

तानसेन नगर कार्यपालिकाको विशेष वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम वहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री डिल्लीराज वेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा. | सचिव | |

आमन्त्रित

श्री गणेश बहादुर थापा - डी.बी. वडा अध्यक्ष वडा नं. ४

## निर्णय नं. १

तानसेन नगरपालिकाबाट नोवल कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रणको लागि हालसम्म गरिएका क्रियाकलावहरुको बारेमा समिक्षा गरी नेपाल सरकारबाट गरिएको लकडाउनका कारण यस नगरपालिका क्षेत्र भित्र रहेका मजदुर, श्रमिक, असहाय लगायतका बर्गलाई नगरपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम मिति २०७६।१२।२९ गतेसम्म प्रदान गरिएको खाद्यान्न लगायतका राहत सामग्रीहरुको देहायको विवरण स्वीकृत गरी भुक्तानी दिने निर्णय गरियो ।

मिति २०७६/१२/२९ गते अपराह्न ६ :०० बजे सम्म भएको राहत वितरणमा वडा अनुसारको वितरण भएको जम्मा सामग्रीको विवरण

| क्रस | वडा नं | जम्मा परिवार संख्या | चामल (के.जी ) | दाल (के.जी ) | तेल (लिटर ) | चिनी (के जी ) | नुन ( के.जी ) | नुहाउने साबुन(पिस ) | कपडा धुने साबुन(पीस ) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | १३५ | २४७५ | २४७.५ | १६५ | १६५ | १६५ | २७० | २७० |
| २ | २ | १०० | १७७० | १७७.० | ११८ | ११८ | ११८ | २०० | २०० |
| ३ | ३ | ८६ | १६५० | १६५.० | ११० | ११० | ११० | १७२ | १७२ |
| ४ | ४ | ४९ | ९१५ | ९१.५ | ६१ | ६१ | ६१ | ९८ | ९८ |
| ५ | ५ | १७१ | ३४८० | ३४८.० | २३२ | २३२ | २३२ | ३४२ | ३४२ |
| ६ | ६ | ८० | १४७० | १४७.० | ९८ | ९८ | ९८ | १६० | १६० |
| ७ | ७ | २५३ | ४८४५ | ४८४.५ | ३२३ | ३२३ | ३२३ | ५०६ | ५०६ |
| ८ | ८ | ६७ | १२३० | १२३.० | ८२ | ८२ | ८२ | १३४ | १३४ |
| ९ | ९ | १०५ | १८०० | १८०.० | १२० | १२० | १२० | २१० | २१० |
| १० | १० | ११० | २३२५ | २३२.५ | १५५ | १५५ | १५५ | २२० | २२० |
| ११ | ११ | १२५ | २५२० | २५२.० | १६८ | १६८ | १६८ | २५० | २५० |
| १२ | १२ | १६४ | २९२५ | २९२.५ | १९५ | १९५ | १९५ | ३२८ | ३२८ |
| १३ | १३ | २९ | ५५५ | ५५.५ | ३७ | ३७ | ३७ | ५८ | ५८ |
| १४ | १४ | १३७ | २१४५ | २१४.५ | १४३ | १४३ | १४३ | २७४ | २७४ |
| जम्मा | | १६११ | ३०१०५ | ३०११ | २००७ | २००७ | २००७ | ३२२२ | ३२२२ |

## निर्णय नं. २

तानसेन नगरपालिकाको कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ३**

हाल आवश्यक रहेका १२५ थान पीपीई सेट (१० सेट गमबुट सहित) तानसेन नगरपालिकाको कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोषबाट खर्च गर्ने गरी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

हालको लकडाउनको अवस्थालाई विश्लेषण गरी खाद्य आपूर्ति सन्तुलनलाई व्यवस्थित गर्न कार्ययोजना सहित कृषि उत्पादनका कार्यक्रमहरु अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

हालको अवस्थामा नगरका कतिपय कृषि क्षेत्रहरुमा कृषकहरुले खेतिपाती स्याहार तथा भण्डारण गर्ने र नयाँ बाली लगाउने कार्य गर्नुपर्ने अवस्था रहेकोले सामाजिक दुरी कायम राखी स्थानीय श्रमिकबाट गर्ने गरी कार्य अगाडि बढाउने साथै यन्त्र उपकरण सञ्चालन गर्न आवश्यक पर्ने इन्धन व्यवस्थापनको लागि वडास्तरबाट सिफारिस र समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगरपालिका क्षेत्र भित्रका कृषिजन्य वडाहरुबाट मकै, धान लगायतका वीउविजन, मलखाद लगायतका सामग्रीहरु माग भएकोले आवश्यक तथ्यांक विवरण सहित आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

जेष्ठ नागरिक लगायत सामाजिक सुरक्षा प्राप्त गर्ने नगरवासीहरुको लागि हालको लकडाउनको अवस्थालाई मध्यनजर गरी सम्भव भएसम्म घर घरमै गइ सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउन वडास्तरबाट आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

हाल तानसेन नगरपालिकाको कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोषमा नगरपालिकाबाट जम्मा गरिएको रकम रु.२५००,०००।- (अक्षेरुपी पच्चीस लाख मात्र) खाद्यान्न राहत सामग्री र स्वास्थ्य उपकरण खरिद लगायतका कार्यमा खर्च भएको र अन्य श्रोतबाट कोषमा रकम थप गर्ने अवस्था नभएका कारण आर्थिक सहयोगका लागि संघ तथा प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ९

बर्तमान अवस्थामा विद्यार्थीहरुको पठन पाठनलाई ध्यान दिई नगरपालिकाको सहयोगमा सामुदायिक रेडियो मदनपोखराबाट एस.ई.ईको परीक्षालाई मध्यनजर गरी दैनिक ४ वटा विषयमा परीक्षा सहयोगी कक्षाहरु र युनिक एफ.एम. तानसेनबाट प्लस टु को लागि दैनिक ४ वटा विषयमा परीक्षा सहयोगी कक्षाहरु सञ्चालन गरिएकोमा यसको लागि लाग्ने खर्च रकम आ.व.२०७६/०७७ को नगर विकास योजनाको नम्बर गौरव तर्फको बिग बुद्ध परियोजनामा विनियोजित रकमबाट रु.३०००००।- (तीनलाख मात्र) रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो ।

Scanned with CamScanner